# मिति २०७५।०६।०२ को उच्च व्यवस्थापन समितिको बैठकका निर्णयहरुः-

| क्रम | बैठकका निर्णयहरु | कार्यान्वयन गर्ने महाशाखाशाखा/ | समन्वय गर्ने महाशाखाशाखा/ | समयावधि |
|---|---|---|---|---|
| १ | सरकारी कामकाजको सिलसिलामा सरकारी Email को प्रयोगलाई अनिवार्य गर्ने । | मन्त्रालय तथा सबै विभागहरु | सूचना प्रविधि महाशाखा | तुरुन्त |
| २ | मन्त्रालय तथा मातहतका निकायहरुले software ,hardware, server लगायत खरिद तथा संचालन गर्दा अपनाउनु पर्ने कार्यविधि सम्वन्धि standards तयार गरी सवैलाई उपलव्ध गराउने । | सूचना प्रविधि महाशाखा | सबै महाशाखा/ सबै विभागहरु | १ हप्ता |
| ३ | राष्ट्रिय योजना आयोगबाट तयार हुने आगामी पञ्चवर्षिय योजनाको लागी मन्त्रालय स्तरमा एक steering committee गठन गर्ने र अन्तर्गत निकायले आ आफ्नो क्षेत्रको आवश्यक तयारी गरी पेश गर्ने । | प्रशासन महाशाखा | सबै महाशाखा/सबै विभागहरु/सम्वद्ध निकायहरु | १५ दिन |
| ४ | मन्त्रालयले स्थानीय स्तरमा गर्ने गोष्ठी अनुगमन तथा अभिमुखीकरण , कार्यक्रम गर्दा महाशाखा तथा शाखाहरुले एकीकृत रुपमा गर्ने व्यवस्था मिलाउने । प्रदेश र स्थानीय तहबाट श्रोत व्यक्ति माग भई आएमा उपयुक्त श्रोत व्यक्ति खटाउने व्यवस्था गर्ने । | सबै महाशाखा र निकायहरु | योजना अनुगमन , तथा मूल्यांकन शाखा | निरन्तर |
| ५ | मन्त्रालय र मातहत निकाय बीच Video Conference System को शुरुआत गर्ने भनिएकोमा हालसम्म नभएकोले तुरुन्त शुरुवात गर्ने । | सूचना प्रविधि महाशाखा | सबै महाशाखा/सबै विभागहरु | तुरुन्त |
| ६ | सूचनाको हक सम्वन्धी ऐन अनुसार प्रत्येक तीन तीन/ महिनामा प्रकाशित गर्नुपर्ने सूचना नियमित रुपमा प्रकाशन गर्ने गराउने र सो सम्वन्धमा प्रकाशन गरे नगरेको अनुगमन गरी प्रतिवेदन माग गर्ने । | संचार महाशाखा | सबै महाशाखा , विभाग र निकायहरु | नियमित रुपमा |

| क्रम | बैठकका निर्णयहरु | कार्यान्वयन गर्ने महाशाखाशाखा/ | समन्वय गर्ने महाशाखाशाखा/ | समयावधि |
|---|---|---|---|---|
| ७ | मन्त्रालय तथा मातहत निकायहरुको Website मा एकरुपता कायम गर्ने कार्यलाई निरन्तरता दिने । | सूचना प्रविधि विभाग | सबै महाशाखा/सबै विभागहरु | १५ दिन |
| ८ | मन्त्रालय विभागहरु तथा मातहत निकायहरुले सेवाग्राहीको गुनासो , सुन्ने सहज व्यवस्था गर्ने rfacebook, twitter बाट प्राप्त गुनासो समेत तुरुन्त सम्वोधन गर्ने । | मन्त्रालय विभागहरु , तथा निकायहरु | प्रशासन महाशाखा | तुरुन्त |
| ९ | फ्रिक्वेन्सी व्वस्थापन नियमावली सम्वन्धमा छलफल गर्ने । | फ्रिक्वेन्सी व्वस्थापन शाखा | फ्रिक्वेन्सी व्वस्थापन महाशाखा | तुरुन्त |
| १० | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार भ्रष्टाचारका विषयमा सूचना सम्प्रेषण गर्दा नकारात्मक असर नपर्ने गरी सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने । | सूचना तथा प्रशारण विभाग | संचार महाशाखा | तुरुन्त |
| ११ | दृष्टिविहिनले समेत प्रयोग गर्न सक्ने ए एम सेवाको व्यवस्था गर्न.टि. नेपाल राष्ट्र बैंकमा अनुरोध गर्ने भनिएकोमा हाल सम्म पनि अनुरोध गरेको नपाईएकोले तुरुन्त पत्राचार गर्ने । | सूचना प्रविधि महाशाखा | | तुरुन्त |
| १२ | संचार केन्द्रहरुले गरि आएका कार्य र प्रत्यायोजित अधिकार बमोजिम जिल्ला हुलाक कार्यालयहरुले गर्दै आएका कार्यहरु सम्पादन गर्ने सम्वन्धमा सहजीकरण गर्ने । | सूचना तथा प्रशारण विभाग हुलाक सेवा/ विभाग | प्रशासन महाशाखा | एक हप्ता भित्र |